कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Ref No :- ०८१/०८२
चलानी नं. / Dispatch No.:- १८२२

मितिः२०८२/०३/०६
ने.सं.११४५, तछलागा, नवमी ।

विषयः जानकारी सम्वन्धमा ।

श्री जो जस सँग सम्वन्धित छ ।

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोग ताहाचल, काठमाडौंबाट मिति २०८२/०२/२९ मा प्रकाशित सूचना बमोजिम सम्वत् २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरुको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समयस्या भए आवश्यक प्रमाण र कागजातसहित तोकिएको ढाँचामा आयोगको जिल्ला समितिको सचिवालयमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै थप जानकारीका लागि भूमि समस्या समाधान आयोगको विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्वन्धी ३५ (पैतिस) दिने सूचना, अनुसूचि-२ बमोजिमको ढाँचाको निवेदन र कार्यविधि यसै साथ संलग्न छ ।

२०८२/३/६
(नवराज ढकाल)
अध्यक्ष
नवराज ढकाल
गा. पा. अध्यक्ष

सादर अवगतार्थः

श्री भूमि समस्या समाधान आयोग ताहाचल, काठमाण्डौ ।

बोधार्थः

श्री भूमि सम्वन्धी समस्या समाधान आयोग जिल्ला समिति, रुपन्देही ।

कार्यार्थः

श्री वडा कार्यालयहरु (१-५) सबैः कञ्चन गाउँपालिका रुपन्देहीः सूचना पाटीमा सूचना टाँस गरिदिनुहुन ।

श्री सूचना प्रविधि ईकाई,कञ्चन गाउँपालिका रुपन्देहीःकार्यालयको सूचना पाटी, वेभसाइट र सम्वन्धित वडा कार्यालयको ईमेल ठेगानामा पठाउने व्यवस्था मिलाउनुहुन ।

गोरखापत्र
gorkhapatraonline.com

२०८२ साल जेठ २९ गते बिहीबार
2025 June 12 Thursday

११

नेपाल सरकार

## भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं

फोन नं. ०१-५३१३९३२/५३१३९३६

# विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०२/२९**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०२/२९ देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२९ जेठ, २०८२

A+ A−

## सम्बन्धित सूचना